मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

मितिः-२०८१/०३/०२

## जातिरी/सिरिजात पर्वको शुभकामना

कोशी प्रदेशको मोरङ, सुनसरी र झापासहितका जिल्लामा बसोबास गर्ने आदिवासी धिमाल जातिको जातिरी/सिरिजात पर्वको अवसरमा सम्पूर्ण धिमाल समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सिरिजात अर्थात् सामूहिक पूजा वा जातरी धिमाल समुदायको नयाँ वर्षको पहिलो चाड भएकाले सालभरि कसैलाई पनि रोगव्याधि नलागोस्, शोक नपरोस् र सुख शान्ति छाओस् भनि मनाइने गरिएको पाइन्छ। मौलिक भाषा र जीवनशैलीको पहिचान बनाएको धिमाल जातिको यो पर्वले धिमाल समुदायको संस्कृति र परम्पराको रक्षा गर्दै उन्नती र प्रगतिमा विशेष योगदान गर्ने अपेक्षा गरेको छु। आफ्नै भेषभुषा, भाषा, संस्कृति, रहनसहन र रीतिरिवाजका हिसाबले धिमाल समुदाय समृद्ध छ। कोशी प्रदेश भाषा, संस्कृति, परम्परा, जाति र पहिचानका हिसाबले साझा फुलबारी हो। यहाँभित्र रहेको धिमाल समुदायको उपस्थितिले कोशी प्रदेशलाई साँस्कृतिक हिसाबले समृद्ध बनाएको छ।

धिमाल समुदायको विकास र संस्कृति तथा परम्परा संरक्षणको लागि प्रदेश सरकार प्रतिवद्ध छ। राज्यका निकायहरुमा धिमाल समुदायको उपस्थिति बढाउनका लागि प्रदेश सरकार क्रियाशील रहनेछ। अन्त्यमा जातिरी पर्वले धिमाल समुदायको समृद्धि, विकास र मौलिक परम्परा संरक्षणमा योगदान पुग्ने विश्वाससहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

.............................
हिक्मतकुमार कार्की
मुख्यमन्त्री